## सूचना

अहिलेको बदलिएको परिस्थितिमा जूवाको केही महत्व नभएको र जनताको हित जूवा बन्द गर्नु नै ठहरिएकोले कोजाग्रत र पञ्चकको जूवासमेत बन्द गर्ने मन्त्रि-मण्डलबाट निर्णय भएको हुनाले अब उप्रान्त नेपाल भरमुलुकलाई कोजाग्रत र पञ्चकको जूवा बन्द गर्न आदेश गर्ने ठहरी यो सूचना जारी भएको छ

सेक्रेटरी
गृहविभाग

## पब्लिक सर्भिस कमिशनको सूचना नं. ४

त्रिचन्द्र कलेजलाई हिस्ट्री र पोलिटिक्सका निमित्त जम्मा दुइजना प्रोफेसर चाहिएका छन्। योग्यता उक्त विषयमा कमसेकम एम. ए. द्वीतीय श्रेणी हुनुपर्छ। तलब ग्याजेटेड स्केलअनुसार दिइनेछ। विशेष योग्यता भएकालाई तलबमा थप हुन सक्तछ। नेपाली जातीयता प्राप्त उम्मेदवारले यसै कमिशनको प. स. क. नं. १ फाराम वा त्यसको नमूना फाराममा दर्खास्त लेखी २००८ आश्विन २४ गते सम्ममा यस कमिशनमा पेश गर्नुपर्छ।

सेक्रेटरी
पब्लिक सर्भिस कमिशन

**गोरखापत्र छापाखानाबाट प्रकाशित**

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।